# भिमाद नगरपालिका

## नगर सभाको चौंधौ अधिवेशनमा

## नगर प्रमुख श्री दधिराज सुवेदीबाट प्रस्तुत

# आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

भिमाद नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल

२०८० साल असार ८ गते शुक्रबार

## "शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा विस्तारः पूर्वाधार विकास समृद्द भिमादको आधार"

नगर सभाका सदस्यज्यूहरू
राष्ट्रसेवक कर्मचारी लगायत उपस्थित महानुभावहरू ।

१. आज हामी भिमाद नगरपालिकाको गरिमामय चौंधौ नगर अधिवेशनमा उपस्थित भइरहेका छौ । "शिक्षा, स्वास्थ्य, कृषि र पर्यटनमा विस्तारः पूर्वाधार विकास समृद्द भिमादको आधार" भन्ने सोंच सहित कार्य गर्दै अघि बढेको भिमाद नगरपालिकाको गरिमामय अधिवेशन समक्ष आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसीको अनुभूति भएको छ ।

२. नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुर्याएर नागरिकलाई आफ्ना प्रतिनिधिहरू मार्फत शासन सञ्चालन गर्ने अधिकार सुनिश्चित गरेको छ । यस अवसरमा संङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै आन्दोलनहरूमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दछु।

३. नागरिकको नजिक रहेर काम गर्ने सरकार प्रभावकारी हुन्छ भन्ने सिद्दान्त अनुरूप नगरपालिकाले विकासका विभिन्न गतिविधिहरूमा सर्वसाधारण नागरिकसँग सदैव हातेमालो गरी कार्य गर्दै आएको कुरा जानकारी गराउन पाउँदा गर्वको अनुभूति भएको छ । हामी निर्वाचित भएर आएको पहिलो वर्षमा लिएका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारी, सरकारी एवम् गैरसरकारी संस्थाहरू, राजनीतिक दल एवम् नागरिक समाज लगायत नगरबासी दाजुभाई तथा दिदीबहिनीहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

सभाका सदस्यज्यूहरु,

४. सुशासनको अनुभूति गराई नगरबासीको अपेक्षा पूरा गर्न, नगरपालिकाको अधिकार र विद्यमान वस्तुगत स्थितिको विश्लेषणका आधारमा समृद्द नगरपालिका निर्माण गर्न देहाय अनुसारका मुख्य अवसर तथा चुनौतीहरु पहिचान गरिएको छः-

<u>अवसरहरू</u>

(क) नगरको सन्तुलित र योजनाबद्ध विकासका लागि आवश्यक नीतिगत एवम् संरचनागत व्यवस्था हुनु,

(ख) नगरपालिकाको अधिकार क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण स्थानीय कानूनको निर्माण भई सेवा प्रवाह र सुशासनको आधारशिला तयार हुनु,

(ग) नगरपालिकाको सबै वडासम्म पुग्ने गरी सडक सञ्जालको पहुँच विस्तार हुनु,

(घ) विद्यालय शिक्षामा समतामूलक पहुँच, गुणस्तर तथा सक्षमताका लागि शैक्षिक संस्थाको पूर्वाधार एवम् जनशक्तिको व्यवस्था हुनुका साथै शिक्षा क्षेत्र योजना निर्माण भई कार्यान्वयनमा आउनु,

(ङ) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार हुँदै जानु,

(च) यान्त्रिकीकरण, विविधिकरण र व्यवसायीकरणतर्फ कृषि क्षेत्र उन्मुख हुनु ।

<u>चुनौतीहरू</u>

(क) संघीयताको मर्म र संवैधानिक प्रावधान अनुसार संघ, प्रदेश र स्थानीय कानूनहरूको तर्जुमा एवम् तीन तहका सरकारबीच सार्थक समन्वयको अवस्था सिर्जना गर्नु,

(ख) दिगो आन्तरिक स्रोतको पहिचान गरी संवैधानिक एवम् कानुनी दायित्व पूरा गर्नका लागि आवश्यक पर्ने न्यूनतम स्रोतको सुनिश्चितता गर्नु,

(ग) गुणस्तरीय, अनिवार्य एवम् निशुल्क विद्यालय शिक्षामा सर्वसुलभ पहुँच सुनिश्चित गर्नुका साथै शिक्षालाई व्यावसायिक, प्रविधिमैत्री र जीवनोपयोगी बनाउनु,

(घ) प्राथमिक स्वास्थ्य केन्द्र एवम् स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नु,

(ङ) कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकरण र विविधिकरण मार्फत आत्मनिर्भर बनाई जीवनस्तरमा सुधार ल्याउनु,

(च) विकास निर्माणका कार्यमा सार्थक जनसहभागिता एवम् दिगोपना सुनिश्चितता गर्नु,

(छ) विपद् व्यवस्थापन गर्नका लागि आवश्यक आर्थिक, भौतिक, मानवीय सक्षमताको विकास गर्नु,

(ज) समाजमा पछाडि परेका वर्ग र समुदायको सशक्तिकरण एवम् मूलप्रवाहीकरणका लागि आयआर्जन एवम् क्षमता विकास गर्नु,

(झ) नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोअनुसार दरवन्दी स्वीकृत र पदपूर्ति गर्ने व्यवस्था मिलाउनु।

सभाका सदस्यज्यूहरु,

५. चालु आर्थिक वर्ष २०७९।०८० का राष्ट्रिय रूपमा अर्थतन्त्रमा देखिएको मन्दीको प्रत्यक्ष असर नगरपालिकाले पनि व्यहोर्नुपर्यो । समानीकरण अनुदानमा गरिएको कटौती, संघीय र प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त हुन आउने रकममा भएको कमी तथा आन्तरिक राजश्व पनि अपेक्षाकृत रूपमा कम उठ्न जाँदा वार्षिक कार्यक्रम कार्यान्वयनमा चुनौतीको सामना गर्नुपर्यो । अर्थतन्त्रमा देखापरेको यस चुनौतीका बाबजुद यस आर्थिक वर्षमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । ती उपलब्धिहरूलाई संक्षेपमा देहाय अनुसार प्रस्तुत गर्न चाहन्छु।

(क) नेपालको संविधान, संघीय तथा प्रदेश कानून र नेपाल सरकार कार्य विस्तृतिकरण प्रतिवेदनले स्थानीय तहलाई प्रदान गरेको अधिकार क्षेत्र भित्र रही चालु आर्थिक वर्षभित्र १९ वटा ऐन, नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिका तर्जुमा भएका छन् ।

(ख) शिक्षातर्फ दस वर्षे गन्तव्य र पाँच वर्षको विस्तृत कार्यक्रम सहितको शिक्षा क्षेत्र योजना निर्माण, प्राविधिक शिक्षा तर्फ तनहुँ प्राविधिक शिक्षालयमा संचालित कृषि तथा वालि विज्ञान विषयको डिप्लोमा तह अध्ययनका लागि चालू शैक्षिक सत्रमा थप ५ सहित ९ जनालाई छात्रवृत्ती प्रदान, चार वटा विद्यालयमा नयाँ भवन निर्माण, सबै माध्यमिक विद्यालयमा विद्यार्थीका लागि शुद्द पिउने पानीका लागि युरोगार्ड व्यवस्थापन र विद्युतीय हाजिरी, पाँच वटा विद्यालयमा सूचना प्रविधि प्रयोगशाला, एक विद्यालयमा पुस्तकालय र एक विद्यालयमा विज्ञान प्रयोगशालाको स्थापना गरिएको छ ।

(ग) गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत गरिवीको रेखामूनि रहेका ७५ जना व्यक्तिहरुलाई सिप विकास तालिम प्रदान गरिएको छ । रोजगार प्रवर्द्धन अन्तर्गत सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत ७५ जनाले वित्तीय साक्षरता सम्बन्धी प्रशिक्षण, १५ जनाले मनोसामाजिक परामर्श सेवा र २०० जनाले बैदेशिक रोजगारी सूचना तथा परामर्श सेवा प्राप्त गरेका छन् । नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका सहकारीको सुशासन प्रवर्द्धनको लागि सघन अनुगमन कार्य शुरु भएको छ ।

(घ) चालु आर्थिक वर्षमा कृषकहरुलाई हाते टयाक्टर, च्याउ, बेमौसमी तरकारीको तथा खाद्यान्नको बींउ बिजन, टनेल प्लाष्टिक, मलचिङ्ग प्लाष्टिक वितरण मार्फत कृषिको यान्त्रिकीकरण तथा व्यवसायीकरणमा टेवा पुगेको छ ।

(ङ) निःशुल्क पाठेघरको मुखको क्यान्सर (VIA) जाँच र आँखा, मुख, दात सम्वन्धी जाँच तथा प्रयोगशाला सेवा मार्फत मृगौला लगायतका समस्या पहिचान सम्वन्धी एकीकृत शिविर वडा नं. १, ४ र ६ मा सञ्चालन गरी सेवा प्रवाह गरिएको छ।

(च) पूर्वाधार विकास तर्फ चालू आर्थिक वर्षमा संघीय सरकार समपुरक अनुदान मार्फत प्राप्त रकम र नगरपालिकाको साझेदारीमा किहुँ मार्ग र भिमाद-भागर-सिम्ले सडक कालोपत्रे, ढलान तथा स्तरोन्नतीको कार्य भै रहेको छ । प्रदेश सरकार समपुरक अनुदान मार्फत प्राप्त रकम र नगरपालिकाको साझेदारीमा पाथर्दी समुदायिक होमस्टे मार्ग कालोपत्रे भएको छ । संघीय सरकारवाट प्राप्त विशेष अनुदान अन्तरगत वडा नं. २ मा एक घर एक धारा खानेपानी निर्माणको कार्य अन्तिम चरणमा रहेको छ । उपभोक्ताको ३० प्रतिशत लागत सहभागिता मार्फत २५ वटा विभिन्न सामुदायिक तथा समूह भवनहरु निर्माण तथा मर्मत सम्भारको कार्य भएको छ । वडा नं. ८ को वडा कार्यालय भवन निर्माण सम्पन्न हुने अन्तिम चरणमा छ भने संघीय सरकारवाट स्वीकृत सघन शहरी विकास कार्यक्रम मार्फत सिद्धगुफा पार्क तथा कल्भर्ट, जलौदी खेक्रेटार मालेवगर चक्रपथ निर्माण, उडसिङ वोमा मोटरमार्ग, भिमगोफा मोटरमार्ग, सवदाहन स्थल र सो स्थानसम्मको पहुँच मार्ग लगायत वडा नं. ६ को वडा कार्यालय भवनको यसै वर्ष सम्झौता भई निर्माण कार्यको शुरुवात भएको छ । जि.स.स. मौज्दात कोषवाट प्राप्त रकम र

नगरपालिकाको साझेदारीमा वडा नं. ५ को आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न भएको छ । सडक वोर्ड नेपालवाट प्राप्त रकमवाट विभिन्न सडकहरु मर्मत सम्भारको कार्य भै रहेको छ । वजार व्यवस्थित एवं अपराधिक क्रियाकलापहरु नियन्त्रण र सडक दुर्घटना न्यूनीकरणका लागि मुख्य मुख्य वजार केन्द्रित स्थानहरुमा सि.सि.टि.भि. तथा सडक वत्ती थप गरी जडान गरिएको छ । वाढी पहिरो लगायतका विपदवाट क्षतिग्रस्त सडकहरु संरक्षणको लागि ग्याविन जाली र ह्युम पाइप वितरण तथा क्षतिग्रस्त खानेपानी, वाध, कूलो, सिंचाईको मर्मत सम्भारको लागि पाइप वितरण तथा मोटरपम्म खरिद लगायतका कार्यमा सहयोग गरिएको छ । उपमेयर नगर समृद्धि कार्यक्रम मार्फत जेष्ठ नागरिक भवन, खानेपानी, विद्यालय, समूह भवन तथा मन्दिर संरक्षणको कार्यलाई सहयोग गरी कार्यक्रम संचालन भएको छ भने सोही कार्यक्रम मार्फत आमा समूहको साझेदारीमा सर्फ वनाउने मेसिन खरिद गरी हस्तान्तरण गरिएको छ । परम्परागत पेशा व्यवसाय संरक्षण कार्यक्रम मार्फत चालू वर्षमा ९ जनालाई आरन तथा जुत्ता सिलाउने कार्यमा सहयोग गरी परम्परागत पेशाको संरक्षणमा जोड दिइएको छ भने परम्परागत संस्कृति संरक्षणको लागि पन्चेवाजा तथा वाद्यवादन सामाग्रीमा सहयोग गरिएको छ ।

६. चालु आर्थिक वर्ष २०७९।०८० को हालसम्मको अवधिमा कुल बजेट रु. ७० करोड ८ लाख २ हजार मध्ये रु. ५० करोड ९५ लाख ८१ हजार ६ सय ८३ खर्च भई वित्तीय प्रगति ७२.७१ प्रतिशत हासिल भएको छ । पुँजीगत तर्फ बिनियोजित रु. २८ करोड १८ लाख ६७ हजार मध्ये रू. १७ करोड ३८ लाख ६८ हजार ८ सय ६१ खर्च भई ६१.६८ प्रतिशत र चालुतर्फ रू. ४१ करोड ८९ लाख ३५ हजार मध्ये रू. ३३ करोड ५७ लाख १२ हजार ८ सय २२ खर्च भई ८०.१३ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । चालु आर्थिक वर्षको अन्तसम्म पुँजीगत खर्च ७१ प्रतिशत, चालु खर्च ९० प्रतिशत गरी कूल ८० प्रतिशत वित्तीय प्रगति हासिल हुने अनुमान छ ।

सभाका सदस्यज्यूहरु,

उल्लेखित पृष्ठभूमिबाट म भिमाद नगरपालिकाको आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

७. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, दिगो विकासका लक्ष्य, सङ्घीय सरकार र गण्डकी प्रदेश सरकारका नीति, कार्यक्रम तथा बजेट, पन्ध्रौ योजना, नगरपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना, नगरका मौलिक विशेषता र नगरबासीको आकाङ्क्षा, राजनीतिक दल, विषयगत समितिका सुझाव, टोल तथा वडास्तरबाट प्रतिविम्वित जनताका चाहना र नागरिक समाजबाट प्राप्त सुझाव, विगतका कार्यक्रम सञ्चालनबाट प्राप्त सिकाइलाई मुख्य आधार मानी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

८. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्दि, गुणस्तरीय शिक्षामा समन्यायिक पहुँच, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवा, पूर्वाधार निर्माण, खानेपानीमा पहुँच, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, दिगो

विकासको स्थानीयकरण एवम् सुशासनलाई मुख्य प्राथमिकतामा राखी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु । क्षेत्रगत रूपमा यो नीति तथा कार्यक्रमले देहायको विषयलाई प्राथमिकतामा राखेको छ।

(क) विद्यालय शिक्षाको पूर्वाधार विकास, सिकाइ गुणस्तर अभिवृद्दि, क्षमता विकास, बालमैत्री तथा प्रविधिमैत्री सिकाइ मार्फत गुणस्तरीय शिक्षामा समतामूलक पहुँच विस्तार,

(ख) आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच एवम् गुणस्तर अभिवृद्धि,

(ग) दिगो एवम् गुणस्तरीय भौतिक पूर्वाधार निर्णण तथा सम्भार,

(घ) कृषि तथा पशुपालन क्षेत्रको यान्त्रिकीकरण, आधुनिकीकरण, व्यावसायिकरण र बजारीकरण,

(ङ) उद्यमशील रोजगार सिर्जना, सीप विकास एवम् सहकारिता मार्फत आयआर्जन वृद्धि,

(च) पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण, प्रबर्धन र पूर्वाधार विकास,

(छ) वन, जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन तथा सदुपयोग,

(ज) सन्तुलित, समन्यायिक, समावेशी एवम् समानुपातिक विकासका लागि आर्थिक एवम् सामाजिक रूपमा पछि परेका वर्ग र समुदायको सशक्तिकरण,

(झ) सार्वजनिक सेवाको सहज पहुँच, सेवा प्रवाहमा सुधार, पारदर्शिता एवम् उत्तरदायित्व अभिवृद्दि मार्फत सुशासनको सुनिश्चितता ।

सभाका सदस्यज्यूहरु,

अव म भिमाद नगरपालिकाको यस सम्मानित नगरसभाको चौधौं अधिवेसन समक्ष आगामी आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

१. आर्थिक विकास

अर्थतन्त्रको मूल आधार कृषि र पशुपालन नै रहेकोले कृषि क्षेत्रलाई व्यवसायीकरण एवम् यान्त्रिकीकरण गर्ने, पर्यटनको विकास, साना तथा लघु उधम विकास मार्फत व्यापार प्रवर्द्धन गरी रोजगारीको सिर्जनाबाट आत्मनिर्भर हुन सकिन्छ भन्ने कुरामा जोड दिदैं आर्थिक विकास सम्बन्धी देहायका नीति तथा कार्यक्रम तय गरिने छ ।

क. कृषि तथा पशुपन्छी विकास

(१) कृषि क्षेत्रको आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने तथा स्वस्थ र स्वच्छ कृषि उपजको उपलब्धता सुनिश्चित गरी खाद्य सुरक्षाको प्रत्याभूति गर्दै कृषि पेशालाई आयआर्जनको महत्वपूर्ण पेशाको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइने छ ।

(२) कृषि व्यवसाय प्रवर्द्धनको लागि आवश्यकता अनुसार सिँचाई, भण्डार गृह, हाट बजार लगायतका कृषि पूर्वाधार निर्माण तथा सुदृढीकरण गरिने छ । यसका लागि निजी क्षेत्र, संघ संस्था सहकारी, गैरसरकारी संघ संस्थाहरू सँग समन्वय तथा साझेदारी गरिने छ।

(३) सिंचाईको सुबिधा नपुगेका ठाउँमा प्लास्टिक पोखरी/रिचार्ज पोखरीको निर्माण गरी बर्षातको पानी संकलन गरी सिंचाईको व्यवस्था मिलाइनेछ ।

(४) बांझो रहेको कृषि योग्य भूमिलाई उपयोगमा ल्याई कृषि क्षेत्रको समग्र उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नको लागि बाँझो जग्गा अनुदान कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने छ ।

(५) कृषि क्षेत्रमा वानस्पतिक विषादी तथा स्थानीयस्तरमा उपलब्ध स्रोत साधनहरु प्रयोग गर्दै बाली संरक्षण गर्ने उपायहरु अपनाउन प्रेरित गरिने छ ।

(६) कृषि क्षेत्रवाट सञ्चालित कार्यक्रम वास्तविक लक्षित वर्ग भित्र पुऱ्याउनको लागि वास्तविक कृषकको पहिचान गरी किसान परिचयपत्र उपलब्ध गराइने छ ।

(७) फलफूल तथा मसला बालीमा नगरलाई आत्मनिर्भर बनाई छिमेकी पालिका तथा वजारमा निकाशी गर्नको लागि फलफूल तथा मसलाबाली कार्यक्रमलाई प्रोत्साहन सहित विस्तार गरिने छ।

(८) कृषि उत्पादन बृद्धि गर्नको लागि कृषि कर्ममा सहभागी हुने कृषक, कृषक समूह, कृषि फर्म र कृषि सहकारीहरुलाई लक्षित गरी मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।

(९) नगरपालिकाभित्र उत्पादन भएर वाहिर निकासी हुने कृषि तथा पशुपन्छीजन्य उत्पादनको उपभोग, संकलन, प्रशोधन तथा प्रवर्धनको लागि लघु उद्योग तथा कृषि सहकारीहरुलाई प्रोत्साहन गरिने छ ।

(१०) कृषि पेशाको महत्व तथा आवश्यकतालाई विद्यालयस्तरबाट बोध गराउनको लागि माध्यमिक तहका विद्यार्थीहरूलाई लक्षित गरी तनहुँ प्राविधिक शिक्षालयसँगको समन्वय तथा सहकार्यमा विद्यालय कृषि शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

(११) नगरपालिकाको पशु सेवा शाखा तथा सेवा केन्द्र मार्फत वडास्तरमा घुम्ती सेवा प्रदान गरी पशुहरुमा लाग्ने आन्तरिक तथा बाह्य परजिविहरुको पहिचान गरी निःशुल्क रूपमा औषधी वितरणको व्यवस्था मिलाइने छ ।

(१२) पशुपालन व्यवसायलाई सुरक्षित, व्यवस्थित तथा प्रतिफलमूखी बनाउनका साथै जनावरवाट सर्ने रोगहरुवाट मानव जीवनलाई सुरक्षित बनाउनको लागि पि.पि.आर., रेविज, लम्पीस्किन, खोरेत तथा स्वाईन फिवर रोग विरुद्धको खोप अभियान सञ्चालन गरिने छ ।

(१३) दुध उत्पादन र कृषि व्यवसाय विस्तार गरी कृषकहरुको जीवनस्तरमा सुधार ल्याउनको लागि नश्ल सुधारको लागि कृत्रिम गर्भाधान कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गरिने व्यवस्था मिलाईने छ ।

(१४) दुध उत्पादन तथा दुधजन्य पदार्थको उत्पादकत्व वृद्धि गरी नगरपालिकालाई दुध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन दुग्ध चिस्यान केन्द्रहरुको विस्तार गरिने छ ।

(१५) हाल कायम रहेका कृषि पकेट क्षेत्रहरूलाई विस्तार एवम् स्तरोन्नति गर्नुका साथै सम्भाव्यता र माटो परीक्षणका आधारमा माछा, अर्गानिक तरकारी, बीउ उत्पादन र दूध तथा मासु लगायतका थप विषयहरूमा पकेट क्षेत्रहरू विस्तार गर्दै लगिने छ ।

(१६) नगरपालिका भित्र पाइने रैथाने खरी जातको बाखा हाल लोप हुने जोखिममा रहेको हुँदा त्यसको संरक्षण गर्नको लागि विशेष कार्यक्रम सञ्चालन गरी स्रोतकेन्द्रको रुपमा विकास गर्दै लगिने छ।

(१७) कृषि तथा पशुपंक्षी क्षेत्रमा हुने जोखिमलाई न्यूनीकरण गर्नको लागि कृषि तथा पशु विमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी यसको लाभ लक्षित वर्गसम्म पु¥याउन विभिन्न संघ संस्थाहरू सँग सहकार्य गरिने छ ।

(१८) कृषि उत्पादन वृद्दि गरी खाद्यान्न उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउन खेती योग्य जमिनमा व्यवस्थित सिंचाई सुविधा पुर्याउन पक्की बाँध कुलो निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

(१९) कृषकहरुलाई प्रोत्साहित गर्न "एक वडा एक उत्कृष्ट कृषक" सम्मान गरी पुरस्कृत गर्ने नीति अवलम्वन गरिने छ ।

(२०) कृषि क्षेत्रमा नगरपालिकावाट प्रदान गरिने अनुदानलाई समन्यायिक बनाई उच्चतम् प्रतिफल हासिल गर्न प्रकृति हेरी अनुदानको हिस्सामा विविधिकरण गर्ने व्यवस्था मिलाइने छ ।

ख. पर्यटन, भाषा, कला, साहित्य तथा संस्कृति संरक्षण

(१) पर्यटकीय गन्तव्यमा परेको नेपालको सुन्दर गुफाहरु मध्येको एक सिद्धगुफा, ऐतिहासिक झोलुङ्गेपुल, शिबालय मन्दिर, कोटवाराही मन्दिर, घाङ्च ल्हूम, सतिकोट गुफा लगायत नगरभित्रका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक सम्पदाहरुको संरक्षण गरी आन्तरिक पर्यटन प्रवर्धनको लागि पर्यटन विकास सम्बन्धी गुरुयोजना तयार गरी योजनाले तय गरेको प्राथमिकताको आधारमा पूर्वाधारको निर्माण गरिने छ ।

(२) पर्यटकीय गन्तव्यमा सूचिकृत रहेको सिद्ध गुफा तथा वरपरका क्षेत्रलाई थप विकास गर्दै उक्त स्थान सम्म पुग्ने भिमाद सिद्धगुफा मार्ग कालोपत्रे गर्ने योजनालाई संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा अगाडि बढाईने छ ।

(३) समुदायले सञ्चालन गरेका होम स्टे (घर वास) प्रवर्धनका लागि पूर्वाधार निर्माण र व्यवस्थित रुपमा होम स्टे सञ्चालनमा सहयोग गरिने छ । होमस्टेलाई प्रवर्द्धन तथा विकास गर्नको लागि प्रदेश सरकारको सहयोगमा नमूना होमस्टे कार्यक्रम सञ्चालन गरिने छ।

(४) विभिन्न जाति तथा समुदायहरुको मौलिक संस्कृति, परम्परा, नाचगान, भाषा, भेषभुषा, कला तथा साहित्यको संरक्षण र सम्बर्धन गर्ने कार्यक्रमहरुको विकास गरी कार्यान्वयनमा ल्याइने छ।

(५) छिमेकी पालिकाहरु सँगको सहकार्यमा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेका पदमार्गहरुको पहिचान तथा नक्साङ्कन गरी पूर्वाधारको विकास गर्दै लगिने छ ।

(६) पर्यटन क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास मार्फत आन्तरिक तथा बाह्य पर्यटकको सुविधा तथा हित र नगरको आर्थिक विकासमा टेवा पुऱ्याउन लागि पर्यटन विकास ऐन तर्जुमा गरी लागू गरिने छ ।

(७) नेपाली कला तथा साहित्यको संरक्षण, सम्वर्द्धन र विकास गर्न विभिन्न साहित्यिक संस्था एवम् व्यक्तिहरु संग सहकार्य गरी कार्यक्रम विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

## ग. उद्योग, बाणिज्य तथा आपूर्ति

(१) आर्थिक विकासमा सार्वजनिक क्षेत्रवाट हुने लगानीको न्यूनतालाई परिपूर्ति गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चलानको लागि आवश्यक कानूनी प्रबन्ध गर्नको लागि सार्वजनिक निजी साझेदारी ऐन तर्जुमा गरी लागू गरिने छ ।

(२) लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास, प्रवर्द्धन र व्यवस्थापन गर्ने कानूनी जिम्मेवारी पूरा गर्न औद्योगिक व्यवसाय ऐन तर्जुमा गरी कार्यान्वयन गरिने छ।

(३) उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले मागमा आधारित उद्यमशिलता विकास तालिम, सिप विकास तालिम, उपयुक्त प्रविधि हस्तान्तरण, वित्तमा पहुँच तथा बजारीकरण जस्ता क्रियाकलाप एकीकृत रुपमा सञ्चालन गरिने छ ।

(४) स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हित संरक्षणको लागि वस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता र परिमाण लगायतका बिषयमा बजार अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाईने छ ।

(५) नगरपालिका क्षेत्रमा व्यवसाय गरी बस्ने महिला उद्यमीहरूले नगरपालिकामा तिर्नुपर्ने व्यवसायिक करमा २५ प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिइने छ ।

## घ. सहकारी

(१) लगातार दुई वर्ष सम्म कुनै कारोबार नगरी निष्कृय रहेका, वार्षिक साधारण सभा नगरेका तथा कार्यालयमा लगातार दुई वर्ष सम्म प्रचलित कानुन बमोजिम प्रतिवेदन पेश नगरेका सहकारी संस्थाहरुको विघटन तथा दर्ता खारेजी प्रकिया अगाडि बढाइने छ।

(२) आर्थिक विकासका विविध पक्षहरु रोजगारी, उत्पादन, बजारीकरण उद्यमशिलता प्रवर्द्धनमा योगदान गर्ने नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका उत्पादक तथा कृषि सहकारीहरुलाई उत्कृष्ट सहकारी पुरस्कार कार्यक्रम सञ्चालन गरिने छ।

(३) सहकारीमा वित्तीय सुशासन कायम गरी सर्वसाधारण नागरिकको बचत तथा शेयर पूँजीलाई जोखिममा पर्न नदिनको लागि सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीलाई क्षमता विकास तालिम सञ्चालन गरिने छ ।

ङ. रोजगारी

(१) बैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित तथा भरपर्दो बनाउन सुरक्षित आप्रवासन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै यस कार्यक्रमको लागि संघीय सरकारसँग वित्तीय साझेदारी गरिने छ ।

(२) कन्सुलर तथा कानूनी परामर्श सम्वन्धी कार्य नगरपालिकावाटै उपलव्ध हुने व्यवस्थालाई निरन्तरता दिइने छ ।

(३) प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरण गर्ने जस्ता लक्ष्य पूरा गर्नको लागि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने वातावरण सृजना गरी नेपाल सरकारसँग वित्तीय साझेदारी गर्ने नीतिलाई यस वर्ष समेत निरन्तरता दिइने छ।

(४) रोजगार सेवा केन्द्रलाई रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा नियमावली बमोजिम तोकिएका कार्य जिम्मेवारी पुरा गर्ने गरी सवल, सक्षम तथा सुदृढ गर्दै लगिने छ ।

(५) नगरपालिकावाटै श्रम स्वीकृति र पुनः स्वीकृति दिने सम्वन्धी कार्यलाई निरन्तरता दिइनेछ।

च. भूमि व्यवस्था

(१) नगर क्षेत्र भित्रको भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनबाट अधिकतम तथा दिगो लाभ हासिल गरिने छ । भु-उपयोग ऐन, २०७६ तथा भु-उपयोग नियमावली, २०७९ बमोजिम भूमिको वर्गीकरण गरी भू-उपयोग योजना तयारीको कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्ने प्रबन्ध मिलाईने छ ।

(२) भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको समस्या समाधान गर्नको लागि संघीय सरकारसँग निरन्तर सहकार्य गरिने छ । राष्ट्रिय भूमि आयोग मार्फत भै रहेको भूमि समस्या समाधान सम्बन्धी कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्न पहल गरिने छ ।

(३) नगरभित्र रहेको सार्वजनिक जग्गाको अतिक्रमण हुन रोकी यसको समूचित संरक्षण तथा व्यवस्थापन गरिने छ । सार्वजनिक जग्गाको अभिलेख राख्ने कार्य आगामी आर्थिक वर्षवाट सुरुवात गरिने छ ।

## २.  सामाजिक विकास

समाजमा व्यक्तिहरूको जीवन अवस्थामा विकास र सुधार नै सामाजिक विकास हो । सामाजिक विकासले स्वास्थ्य, शिक्षा, नागरिक सुरक्षा, रोजगारी, सशक्तिकरण, समावेशीकरण जस्ता पक्षहरूलाई समेट्छ । शिक्षित, स्वस्थ्य, सभ्य नागरिकको विकास नै समाज र राष्ट्रको विकासको मूल आधार हो भन्ने मान्यतालाई आत्मसात गरी सामाजिक विकास सम्बन्धी देहायका नीति लिइएको छ।

क.  स्वास्थ्य सेवा

(१) नगरपालिका भित्र हुन सक्ने बिपद तथा महामारी न्यूनीकरण, पूर्व तयारी र प्रतिकार्य लगायतका कार्य ब्यवस्थित रुपमा सञ्चालन गरी जीवनको सुरक्षा गर्न छुट्टै महामारी तथा प्रकोप व्यवस्थापन कोष स्थापना गरी प्रभावकारी रुपमा सन्चालन गर्नुका साथै नगरस्तरीय रेपिड रेस्पोन्स टीम (RRT) परिचालन गरी आवश्यक पर्ने औंषधि एवम् सामग्रीको व्यवस्था मिलाईने छ ।

(२) संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानका कार्यक्रमहरु लक्षित वर्गसम्म पुर्याई उच्चतम प्रतिफल हासिल गर्न कार्ययोजना निर्माण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ।

(३) औषधी एवम् स्वास्थ्य सामग्रीहरुको आपूर्ति व्यवस्थापनलाई चुस्त दुरुस्त एवम् भरपर्दो बनाउन सञ्चालनमा ल्याईएको विघुतीय आपूर्ति व्यवस्थापन सूचना प्रणाली (ELMIS) को प्रभावकारी कार्यान्वयन गर्दै सबै स्वास्थ्य संस्थाहरु सम्म विस्तार गर्ने व्यवस्था मिलाईने छ।

(४) स्वास्थ्य कार्यक्रमसँग सम्वन्धित आधारभूत तथ्याङ्क एवम् सूचनाहरु ब्यवस्थित रुपमा राखी निर्धारित समयमै DHIS-2 प्रविष्ट गरिने छ ।

(५) संघीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा सुनौलो हजार दिनका महिला (गर्भवती तथा सुत्केरी), ५ वर्ष मुनिका बालबालिका र किशोरीहरूको पोषण अवस्था सुधार ल्याउन सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईने छ।

(६) महिला, वालवालिका, जेष्ठ नागरिक तथा फरक क्षमता भएका एवम् बिपन्न नागरिकहरुलाई लक्षित गरी स्वास्थ्य सेवाको सहज पहुच पुर्याउन विभिन्न संघ संस्थासँग समन्वय गरी स्वास्थ्य प्रवर्द्धन तथा स्वास्थ्य परीक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(७) समुदायमा बिद्यमान मानसिक एवम् मनोसामाजिक समस्याहरु न्यूनीकरण गर्न परामर्श, पुर्नस्थापनात्मक एवम् बिशेषज्ञद्वारा उपचारात्मक सेवाहरु सञ्चालन गर्नुका साथै मानसिक समस्या भएकाहरूका लागि नगरपालिकाको तर्फबाट स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिने छ।

(८) स्वास्थ्य सेवा सर्वसुलभ, गुणस्तरीय एवम् पहुँच योग्य बनाउन भिमाद प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पतालमा स्तरोन्नति प्रकृया छिटो कार्यान्वयनमा ल्याउन संघीय सरकार एवम् प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ ।

(९) आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाइहरुमा कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिईने छ ।

(१०) प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित फार्मेसी, आँखा उपचार केन्द्र, एक्सरे सेवा तथा किहुँ स्वास्थ्य चौकी र वडा नं. ९ मा सञ्चालित स्वास्थ्य प्रयोगशालालाई निरन्तरता दिई सेवा प्रवाहलाई गुणस्तरीय बनाइने छ ।

(११) स्वास्थ्य विमा कार्यक्रमलाई गुणस्तरीय, भरपर्दो र विश्वासिलो बनाउन भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा ल्यावको स्तरोन्नतिका लागि आवश्यक उपकरणहरु सहित पूर्वाधारहरु विस्तार गरिने छ ।

(१२) मृगौला प्रत्यारोपण गरेका/डायलाइसिस गराइरहेका/क्यान्सर रोगी/मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई मासिक रु. ५०००/- (पाँच हजार) औषधी उपचार वापत खर्च उपलब्ध गराउने नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा स्वीकृत कार्यविधि, २०७८ अनुसार उपचार खर्च उपलव्ध गराउन बजेटको व्यवस्था गरिने छ।

(१३) क्यान्सर, मुटु, मिर्गौला, स्पाईनल इन्जुरी, पार्किन्सन, अल्जाईमर, सिकलसेल एनिमिया र हेड इन्जुरीको उपचारमा अति गरीब बिरामीलाई आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनुका साथै मातृ सहायता कार्यक्रम सञ्चालन गरिने छ ।

(१४) आधारभूत स्वास्थ्य सेवाको उच्चतम उपभोग दर वढाउन समुदायमा स्वास्थ्य शिक्षा प्रवर्द्धन एवम् जनचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गरिने छ ।

(१५) चालु आर्थिक बर्ष २०७९/०८० मा पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको छ यसलाई दिगो र प्रभावकारी वनाउन सरकारले तोकेको समयमा खोप लगाउन अनिवार्य गरिने छ ।

(१६) गर्भवती तथा सुत्केरी महिलाहरूलाई लक्षित गरी उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी कार्यक्रम (निशुल्क एम्वुलेन्स सेवा) सहित विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(१७) आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिलाई थप प्रोत्साहन गरी समुदायमा फैलिरहेको नसर्ने रोगहरुको नियन्त्रण एवम् रोकथामका लागि विभिन्न किसिमका जीवनशैली प्रबर्धन, योग व्यायाम, पञ्चकर्म तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

(१८) प्रत्येक वडामा नागरिक आरोग्य कार्यक्रम सञ्चालन गरी नागरिक आरोग्य समूह गठन गरिने छ र सामुदायिक भवनमा खुल्ला योग हलको संरचना निर्माण कार्य अघि बढाइने छ।

(१९) नागरिकलाई शारीरिक व्यायाम, योग र आरोग्य सेवाको विस्तार तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिई स्वस्थ्य जीवनशैली अपनाउन अभिप्रेरित गरिने छ ।

(२०) भिमाद नगरपालिका क्षेत्रभित्र पाईने महत्वपुर्ण जडीबुटीहरुको पहिचान सहितको तथ्याङ्क एवम् लगत संकलन गरी जडीबुटीको संरक्षण सम्बर्धन तथा प्रबर्धनका लागि विशेष कार्यक्रम गरिने छ ।

(२१) नगरपालिका भित्रका कार्यालय र विद्यालयहरुमा जडिबुटी बगैचा (उद्यान) को निर्माण गर्न प्रोत्साहन गर्नुका साथै आयुर्वेद तथा योग शिक्षा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

ख. शिक्षा, युवा तथा खेलकुद

(१) सन् २०३० सम्म सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न लिइएको दिगो विकास लक्ष्यमा आधारित भई तयार गरिएको नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०७९-०८८) ले परिलक्षित गरेका दूरदृष्टि, उद्देश्य, रणनीतिहरूका आधारमा कार्यक्रमहरूको प्राथमिकीकरण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।

(२) विद्यालय शिक्षालाई गुणस्तरीय, पहुँचयोग्य, प्रतिष्पर्धी एवम् जीवनोपयोगी बनाउन वस्तुनिष्ठ विद्यालय सुधार योजना र त्यसमा आधारित वार्षिक कार्ययोजना तयार गर्न लगाई सोको प्रभावकारी कार्यान्वयन गर्न विद्यालयहरूलाई प्राविधिक र आर्थिक सहायता प्रदान गरिने छ ।

(३) प्रारम्भिक बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी अनुकूल सिकाई वातावरण सिर्जना गर्न बालविकास केन्द्रमा खेल तथा डिजिटल सामग्री, सहजकर्ताको क्षमता विकास एवम् प्रोत्साहनको उचित प्रबन्ध मिलाइने छ ।

(४) विद्यालय शिक्षाका लागि अनुकूल सिकाइ वातावरण सिर्जना गरी सार्वजनिक विद्यालय प्रति सरोकारवालाहरूको विश्वास अभिवृद्दि गराउन सञ्चालित नगर प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई बालमैत्री एवम् सिकाइमैत्री भौतिक एवम् शैक्षिक पूर्वाधार निर्माण, मर्मत, शुद्द पिउने पानीको व्यवस्था, शिक्षकको क्षमता विकास जस्ता कार्यक्रममा केन्द्रित गरिने छ ।

(५) बालबालिकाले शुद्द पानी पिउन पाउने अधिकारलाई दृष्टिगत गरी आर्थिक वर्ष २०७९।८० मा सबै माध्यमिक विद्यालयहरूमा युरोगार्डको व्यवस्था गरिसकिएको छ । यस कार्यलाई आगामी आर्थिक वर्षमा आधारभूत विद्यालयहरूमा विस्तार गर्दै लगिने छ ।

(६) बालबालिकाको विद्यालय शिक्षामा पहुँच सुधारका साथै पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकारले सञ्चालनमा ल्याएको दिवा खाजालाई गुणस्तरीय बनाउन स्थानीय उत्पादनमा आधारित दिवा खाजा खुवाउने कार्यलाई प्रोत्साहित गर्ने, जंक फुडलाई निरूत्साहित गर्नुका साथै यस कार्यमा अभिभावक एवम् विभिन्न संघ संस्थाहरूको साझेदारी बढाउन उत्प्रेरित गरिने छ ।

(७) अंग्रेजी माध्यम, सूचना प्रविधि, पाठ्यक्रम कार्यान्वयन लगायत शिक्षकको आवश्यकता पहिचान गरिएको विषयहरूमा केन्द्रित भई शिक्षकहरूको क्षमता विकास गर्नुका साथै कक्षा कोठामा आधारित पेसागत सहयोगको पद्दतिलाई सुदृढ पारिने छ ।

(८) विद्यालयको समग्र नतिजामा प्रधानाध्यापक र आफ्नो विषयको नतिजामा विषय शिक्षकलाई जवाफदेही बनाउन प्रधानाध्यापकसँग गरिएको कार्यसम्पादन करारको मूल्यांकन गरी सुधारात्मक कार्यक्रम सञ्चालन गर्नुका साथै प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति समक्ष शिक्षकको कार्यसम्पादन सम्झौता गरिने छ ।

(९) विद्यार्थी संख्या र भौगोलिक अवस्थाका आधारमा विद्यालय/कक्षा समायोजन गर्नुका साथै शिक्षक दरवन्दी मिलान सम्बन्धी मापदण्डका आधारमा शिक्षकको न्यायोचित व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ । दरवन्दी प्राप्त गर्न नसकेको आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा गणित, अंग्रेजी र विज्ञान शिक्षक व्यवस्थापन गर्न शिक्षण सहयोग अनुदानलाई निरन्तरता दिइने छ । पुल दरवन्दी नरहेका विद्यालय लक्षित गरी शिक्षक सुत्केरी भई प्रसुती विदामा बसेको समयमा शिक्षण सिकाइमा सहजता प्रदान गर्न स्वयम् सेवक शिक्षकको व्यवस्था गर्न सहयोग गरिने छ ।

(१०) शैक्षिक सुशासनको प्रत्याभूति दिलाई विद्यालय शिक्षामा सरोकारवालाहरूको अपनत्वको भावना अभिवृद्दि गर्न सामाजिक र कानूनी लेखापरीक्षणलाई प्रभावकारी बनाउनुका साथै क्रमश सबै विद्यालयमा विद्युतीय हाजिरीको व्यवस्था गर्ने, नीति नियमहरूको प्रभावकारी कार्यान्वयनका लागि विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गर्ने कार्यको सुदृढीकरण गरिने छ।

(११) संस्थागत विद्यालयहरूको अनुगमन एवम् नियमन कार्यलाई प्रभावकारी बनाइ सरकारी नीति, नियमको पूर्ण पालनामा जिम्मेवार बनाइने छ ।

(१२) नगरपालिका भित्र उच्च शिक्षा दिने संस्थाको रूपमा रहेको जनज्योति क्याम्पसलाई उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा विकास गरी गुणस्तरीय एवम् अनुसन्धानमुखी जनशक्ति उत्पादन गर्न टेवा पुर्याइने छ।

(१३) विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालय र वडास्तरबाटै खेलकुदमा प्रोत्साहन गर्नुका साथै राष्ट्रपति रनिङ शिल्ड एवम् मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइने छ ।

ग. खानेपानी तथा सरसफाई

(१) समुदाय र नगरपालिकाको समन्वयमा समुदायकै नेतृत्वमा टोल टोलमा सामुदायिक सरसफाईको नियमित व्यवस्था गरी भिमादलाई स्वच्छ र सुन्दर नगरको रुपमा विकास गरिने छ ।

(२) एक घर एक धारा अभियानलाई सार्थक बनाइ स्वच्छ खानेपानीको व्यवस्था गर्ने दीर्घकालीन लक्ष्यका साथ खानेपानी योजनाहरु सञ्चालन गरिने छ ।

(३) मौजुदा तथा निर्माण हुने खानेपानी योजनाहरुलाई दिगो रूपमा सञ्चालन गर्नका लागि आवश्यक सहयोग गर्नुका साथै सरोकारवालाहरू संग सहकार्य गरिने छ ।

घ. सामाजिक समावेशीकरण

(१) विकासको मूल धारमा समावेश हुन नसकेका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, मुस्लिम, अल्पसंख्यक तथा पिछडिएका समुदायलाई लक्षित गरी क्षमता अभिबृद्धि, आयआर्जन एवम् चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(२) सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय हुने र पीडितले क्षतिपूर्ति पाउने कानूनको परिपालना गरी सभ्य एवम् सुसंस्कृत समाजको निर्माणका लागि आवश्यक कार्य गरिने छ ।

(३) लैङ्गिक उत्तरदायी बजेटको अवधारणा अनुरुप बजेट तर्जुमा गरी सो अनुरूपका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

(४) अपाङ्गता परिचय पत्रको गुणस्तरीयता कायम गर्न परिचय पत्र डिजिटाइजेसन गर्ने कार्य प्रारम्भ गरिने छ ।

(५) दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी सोही अनुसार कार्यक्रमहरूलाई लैङ्गगिक सम्वेदनशील बनाइनेछ साथै सबै प्रकारका सामाजिक हिंसालाई न्यूनीकरण गर्दै लक्षित वर्गमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी शून्य सहनशीलताको नीति लिइनेछ ।

(६) जेष्ठ नागरिकको जीवनयापनमा सहजता ल्याउन जेष्ठ नागरिक उत्कृष्ट संरक्षक सम्मान कार्यक्रम सञ्चालनका साथै जेष्ठ नागरिक विच अनुभव आदान प्रदानका लागि जेष्ठ नागरिक मञ्च गठन गर्न उत्प्रेरित गरिने छ ।

(७) समाजको आर्थिक विकासमा टेवा पुर्याउन विपन्न, महिला, दलित, मुस्लिम लगायत लक्षित वर्गहरूका लागि मागमा आधारित सिपमूलक तालिमका साथै प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गरिने छ ।

(८) ग वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरुको निःशुल्क स्वास्थ्य विमा गरिने छ ।

३. पूर्वाधार विकास

दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात तथा निर्माण सेवाको विस्तारबाट पूर्वाधार विकासको अनुभूति दिलाउन सकिन्छ । धेरैजसो पहाडी भूबनोट रहेको यस नगरपालिकामा नगरवासीलाई सहज रूपमा आवतजावत गर्नका लागि गाउँवस्तीहरूमा स्तरीय एवम् सुविधा सम्पन्न दिगो भौतिक पूर्वाधारको विकास गर्नका लागि पूर्वाधार विकाससँग सम्बन्धित तपसिल बमोजिम नीति लिइने छ ।

(१) नगर यातायात गुरूयोजना, २०७७ लाई आवश्यकता, औचित्यता र सम्भावनाका आधारमा परिमार्जन गरी सोही बमोजिम सडक पूर्वाधार निर्माण गरिने छ ।

(२) पूर्वाधार विकास गर्न मुख्य मुख्य आयोजना छनौट गरी ती आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघीय एवम् प्रदेश सरकारसँग समन्वय एवम् साझेदारी गरी कार्यान्वयनमा ल्याइने छ।

(३) नगरस्तरीय सडकहरूलाई बाह्रै महिना सहजरूपमा आवतजावत गर्न सकिने गरी स्तरोन्नति गरिने छ ।

(४) विकास निर्माणका कार्यहरूलाई दिगो, गुणस्तरीय एवम् जनसहभागितामूलक बनाउन स्थानीय लागत सहभागिताका कार्यक्रमहरुलाई सबै वडामा विस्तार गर्नुका साथै यस कार्यमा प्राथमिकताक्रमका आधारमा प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

(५) गुणस्तरीय र सहज सेवा प्रवाहका लागि सेवा प्रवाह गर्ने निकायहरूको भौतिक पूर्वाधार सुविधा सम्पन्न हुनुपर्दछ भन्ने तथ्यलाई मध्यनजर गरी संघीय र प्रदेश सरकारसँगको समन्वय एवम् साझेदारीमा नगरपालिकाको प्रशासकीय भवन, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु लगायतका निकायहरुको भौतिक पूर्वाधार निर्माण र सुदृढीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ ।

(६) भिमकाली मार्ग, भिम-भैरव, भिम गोफा-डुम्रेवेशी क्षेत्रीय (कृषि) सडक, किहुँ मार्ग, उत्तर-दक्षिण मोटर मार्ग, भिमाद-भागर-सिम्ले सडक, सेतीकाली मोटरमार्ग, सिद्दगुफा मोटरमार्ग, रिट्ठाभन्ज्याङ सेराबेसी मोटरमार्ग, लोकतान्त्रिक मोटरमार्ग, माझकोट मार्ग, ऋषिङपाटन लडन आम्डाडा

मार्ग, ऋषिङपाटन च्यानभन्ज्याङ हुदै धारुङभन्ज्याङ मोटरमार्ग लगायतका मुख्य सडकहरु नगर गौरवका योजना भएकोले ती सडकहरु कालोपत्रे गर्न प्रदेश र संघीय सरकारसँग आवश्यक पहल गरिने छ ।

(७) नगरभित्र सहजरुपमा आवतजावत गर्न मोटरेवल पुल तथा झोलुङ्गे पुल निर्माण कार्यका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी अघि बढाइने छ ।

(८) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत छनौट भएका श्रम प्रधान कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न लागत साझेदारीको नीतिलाई निरन्तरता दिइने छ।

(९) टुक्रे योजनाहरुलाई निरुत्साहित गरी दिर्घकालीन प्रतिफलमुखी योजनाहरु छनौट गरी सञ्चालन गरिने छ । नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गरिएको छ । नयाँ ट्रयाक खोल्न अति आवश्यक भएको अवस्थामा मात्र प्राविधिकको प्रतिवेदन सहित अनुगमन तथा निरीक्षण गरी उपयुक्त देखिएमा नगरपालिकाको अनुमति लिएर मात्र सञ्चालन गर्ने नीति लिइनेछ ।

(१०) सघन शहरी विकास कार्यक्रम अन्तर्गत स्वीकृत भएका योजनाहरू समय भित्रै सम्पन्न गर्न समन्वय एवम् सहजीकरण गरिने छ ।

(११) सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत संघीय सरकारसँग समन्वय गरी पुरातात्विक महत्वका खरका छाना भएका घर बाहेकका नगरभित्रका खरको छानो भएका घर विस्थापित गरिने छ ।

(१२) मध्यकालीन र दीर्घकालीन योजनाहरुको योजना सूची तयार गरी प्राथमिकताका आधारमा सम्वन्धित निकायमा पेश गर्नुका साथै ती योजनाहरूको कार्यान्वयन गर्न समन्वय एवम् साझेदारी गरिने छ ।

(१३) विकास योजनाहरु समयमा नै सम्झौता तथा कार्य सम्पन्न गरी अधिकतम प्रतिफल हासिल गराउन योजनाहरुको वार्षिक कार्यसञ्चालन तालिका तयार गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

(१४) नगरपालिकाको प्राथमिकताकामा परेका आयोजनाहरु संघ तथा प्रदेश सरकारसँग समन्वय गरी कार्यान्वयन गर्ने नीति अवलम्वन गरिने छ ।

(१५) सामुदायिक विद्युतीकरणलाई राष्ट्रिय प्रसारण लाइनमा आवद्ध गर्न सहजीकरण गर्नुका साथै बैकल्पिक तथा नविकरणीय उर्जा प्रवर्धन, बायो ग्याँस, विद्युतीय चुलो, सुधारिएको चुलो सौर्य उर्जा जडान जस्ता कार्यक्रम सञ्चालन तथा यस कार्यका लागि प्रोत्साहन गरिने छ ।

(१६) नक्शा पास गरेर मात्र भौतिक संरचना तथा घरहरु निर्माण कार्यलाई व्यवस्थित गर्ने आवश्यक कार्यविधि वनाई लागू गरिने छ, साथै स्वीकृत मापदण्ड विपरित निर्माण कार्य गर्ने प्रवृत्तिलाई पूर्णतया निरुत्साहित गरिने छ ।

४. वन, वातावरण तथा विपद व्यवस्थापन

वन तथा वातावरण सृष्टि जगतको महत्वपूर्ण पक्ष हो । वन तथा वातावरणको संरक्षणले मात्र मानव लगायत समग्र प्राणी जगतको संरक्षण र संवर्धन गर्न सकिने भएकाले वन वातावरण र विकास विचको सन्तुलन कायम गर्न निम्न नीति तथा कार्यक्रम अवलम्बन गरिने छ ।

क. वन तथा वातावरण

(१) नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गा, सामुदायिक वन र निजी जग्गामा समेत विभिन्न प्रकारका फलफूल तथा जडिवुटि खेतीको विस्तार गर्ने, वनजन्य स्रोतहरुको संरक्षण तथा व्यवस्थापन गरी वन्यजन्तुहरु तथा जैविक विविधताको संरक्षण गरिने छ ।

(२) स्थानीय समुदायको सहभागितामा नगरपालिका क्षेत्र भित्रका समुदायद्वारा व्यवस्थापन गरिएका वनजन्य स्रोतको व्यवस्थापनबाट आय आर्जनमा वृद्धि गरी उत्पादनमूखी वन व्यवस्थापनको नीतिलाई अङ्गिकार गरिने छ । वन ऐन, २०७६ तथा वन नियमावली, २०७७ बमोजिम सामुदायिक वनहरूलाई नियमनको दायरामा ल्याइने छ ।

(३) नदीजन्य सामग्रीहरू ढुङ्गा, गिट्टी, बालुवा अवैध उत्खनन सम्बन्धी समस्याको पहिचान गरी छिमेकी पालिकासँगको समन्वय र सहकार्यमा स्थायी समाधान गरिने छ ।

(४) वन डढेलो, चटयाङ, सुख्खा खडेरी, हुरी बतास, असिना जस्ता प्राकृतिक विपद् सम्वन्धी विषयमा समुदाय स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी जोखिम न्यूनीकरण गर्नका लागि विशेष पूर्व तयारी कार्यक्रम तय गरी लागू गरिने छ ।

(५) विद्युतीय उपकरण (करेन्ट) तथा विषादीको प्रयोग गर्दै खोला नदीमा माछा मार्ने कार्यलाई निषेध गरी माछा लगायत जलचरको समुचित संरक्षण गरिने छ ।

(६) विश्वव्यापी उष्णता, हरितगृह प्रभाव र ओजन तहको विनासलाई मध्यनजर गर्दै वातावरण संरक्षण, दिगो विकास र पारिस्थितिक पद्धतिको संरक्षणको लागि वहु-वर्षीय तथा बहु-उपयोगी बृक्ष जस्तै वर, पिपल, समी आदिको वृक्षारोपण र संरक्षण गर्दै लगिने छ ।

(७) नगरपालिका मातहतका कार्यालयहरुमा स्थानीय बनमा उत्पादित काठ र काठजन्य फर्निचर तथा अन्य सामग्रीको प्रयोगमा जोड दिइने छ ।

(८) सामुदायिक वन र अन्य वनमा डढेलो नियन्त्रणको लागि वन कार्यालय संगको समन्वयमा नियमित रुपमा वनको सफाइ गर्ने, सार्वजनिक बाटो, वन पथ निर्माण गर्ने नीति लिइने छ ।

(९) एक घर एक विरूवा अभियान सञ्चालनका लागि प्रोत्साहन गरिने छ । बजार क्षेत्र र वरपरको खाली ठाउँ खोजी स्थानीय वासिन्दासँगको सहकार्यमा वृक्षारोपण गर्ने, वडास्तरमा बालउद्यान स्थापनाका साथै बिरूवाको संरक्षणका लागि छेकवार जाली व्यवस्थापन गर्न सहयोग गरिने छ।

ख. विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापनका सवै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपदवाट मानवीय एवम् भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यहरुमा संघीय सरकार र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरिने छ ।

(२) नगरस्तरीय विपद् व्यवस्थापन पूर्व तयारी तथा जोखिम न्यूनीकरण योजना तयार गरी सोका आधारमा विपद् व्यवस्थापन गर्ने र विपद् जोखिमको मूल्यांकन गरेर मात्र विकास निर्माणका कार्य सञ्चालन गर्ने कार्यलाई कडाइका साथ कार्यान्वयनमा लगिने छ ।

(३) विकास निर्माणका कार्यहरुलाई दिगो प्रतिफलमूखी वनाउन उत्थानशील विकासको अवधारणा मार्फत विपद् जोखिम न्यूनीकरण गर्ने नीति अख्तियार गरिने छ ।

(४) नगरभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक बिपद्जन्य घटनाको विद्युतीय अभिलेख राख्नको लागि नेपाल सरकार गृह मन्त्रालयको समन्वयमा बिपद् जोखिम न्यूनीकरण प्रणाली (DRR PORTOL) आगामी आर्थिक वर्षवाट सञ्चालन गर्ने प्रबन्ध मिलाईने छ ।

ग. फोहरमैला तथा ढल व्यवस्थापन

(१) ल्याण्डफिल साईटको उपयुक्त स्थानको खोजी गरी सबै वडामा योजनावद्ध रुपमा फोहरको वर्गीकरण गरी नकुहिने फोहरको आधुनिक प्रबिधिको प्रयोग गरी उचित व्यवस्थापन गरिने छ । कुहिने फोहरलाई खेतवारी, करेसावारी तथा कौशी खेतीमा मल बनाई प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

(२) सार्वजानिक शौचालय निर्माण, जनचेतना एवम् सरसफाईमा प्राविधिक एवम् आर्थिक सहयोग गरी प्रदुषण कम गरिने छ ।

(३) नगर विकास कोष र छिमेकी पालिकाहरुसंगको सहकार्यमा फोहरमैलाको दिगो एवम् दीर्घकालिन व्यवस्थापन गर्न संयुक्त ल्याण्डफिल्ड साइट निर्माणका लागि सम्भाव्यता अध्ययन कार्य अगाडि वढाइने छ ।

घ. जलवायू परिवर्तन

(१) जलवायू परिवर्तन अनुकुलन नीति अबलम्वन गरिने छ । यसका लागि स्थानीय अनुकूलन योजना बनाउनको लागि संघीय सरकार समक्ष आवश्यक पहल गरिने छ ।

(२) आवश्यकता अनुसार जलवायू उत्थानशील कार्यक्रमहरु संचालन गरिने छ ।

(३) जलवायू संकटवाट समूदायलाई सुरक्षित बनाउन स्थानीय अनुकूलका उपाय अवलम्वन गर्न प्रोत्साहन गरिने छ । पुनर्भरण पोखरी (रिचार्ज पोखरी) तथा प्लाष्टिकका पोखरी बनाउन आवश्यक कार्यक्रम कार्यान्वयन गरिने छ ।

ङ. जलाधार संरक्षण

(१) जलाधार क्षेत्रमा बृक्षारोपण गर्ने ब्यवस्था मिलाइ नगरपालिका भित्रको जलाधार संरक्षण गर्ने विषयमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति र वन उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम अन्य सरोकारवाला निकायहरू सँगको समन्वयमा सञ्चालन गरिने छ ।

(२) भूकम्प, बाढी, पहिरो तथा बर्षाद्को फेरवदलले गर्दा सतही तथा भूमिगत पानीका स्रोतहरु सुक्दै गइरहेको अवस्थामा खानेपानी तथा सिँचाइका योजनाहरुको मुहान, बाँधक्षेत्र संरक्षणको लागि पुनर्भरण पोखरी तथा चेकड्याम निर्माण गरिने छ ।

(३) जलाधार संरक्षण गर्न गह्रा बनाएर खेती गर्न, माटो बग्न नदिन खोल्सा- खोल्सिमा विरुवा लगाउन, भलपानी तर्काउन परम्परागत कुलो बनाउने जस्ता कम खर्चिलो तथा रैथाने सिपहरुको प्रयोग गर्न उत्प्रेरित गरिने छ ।

च. जलउत्पन्न प्रकोप नियन्त्रण

(१) जलउत्पन्न प्रकोप नियन्त्रणको लागि आवश्यक नीतिगत एवम् संरचनागत व्यवस्था गरी कार्यान्वयन गरिने छ ।

(२) पहिरो एवम् भु-क्षय हुने क्षेत्रको पहिचान गरी त्यस्ता स्थानमा बृक्षारोपण लगायत/ संरक्षणका विभिन्न कार्यक्रम सञ्चालनमा सम्बन्धित निकायसँग समन्वय एवम् सहकार्य गर्ने प्रबन्ध मिलाईने छ ।

५.   संस्थागत विकास, सेवा प्रवाह र सुशासन

संवैधानिक तथा कानुनी जिम्मेवारी बमोजिम सेवा प्रवाहलाई प्रभावकारी बनाई नागरिक सन्तुष्टीको सिर्जना गर्दा सुशासनको अनुभूती दिलाउन सकिन्छ । यस्का लागि सुशासन तथा संस्थागत विकास क्षेत्रका विभिन्न उपक्षेत्रहरुमा आगामी आर्थिक वर्षमा देहाय अनुसारका नीति लिइने छ ।

क.   मानव संशासन विकास तथा संस्थागत क्षमता विकास

(१) नगरपालिका तथा मातहतका कार्यालयहरुको सँगठन तथा व्यवस्थापन सर्वेक्षण ( **O & M Survey**) गरी नगरपालिकाको सँगठनलाई चुस्त दुरुस्त बनाइने छ ।

(२) पालिका तथा मातहतका कार्यालयहरुको दरबन्दी अनुसार कर्मचारी पदपूर्ति गरिने छ ।

(३) जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि क्षमता विकास तालिम, अवलोकन भ्रमण कार्यक्रम संचालन तथा कर्मचारीहरुको कार्यसम्पादनमा आधारित पुरस्कारको व्यवस्था गरी उत्प्रेरणा र मनोवलको विकास एवं कार्यसम्पादनमा सुधारको नीति लिइने छ ।

(४) नगरपालिका मातहतका कार्यालयहरुको भवन नियमित मर्मत सम्भार, फर्निचर तथा फर्निसिङ्ग, कम्प्युटर तथा मेशिनरी औजारको मर्मत तथा उपयुक्त व्यवस्थापन गरी सेवा प्रवाहलाई छरितो र सहज बनाइने छ ।

ख.   राजश्व परिचालन तथा वित्तिय व्यवस्थापन

(१) कर प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवम् करदातामैत्री बनाई कर संकलन कार्यमा प्रोत्साहन गर्ने नीति अख्तियार गरिने छ । महालेखा नियन्त्रक कार्यालयवाट स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीमा थप भएको स्थानीय राजश्व मोडुलको व्यवस्था आगामी आर्थिक वर्षवाट पूर्ण कार्यान्वयनमा ल्याइने छ ।

(२) नगरपालिकाको आन्तरिक राजश्व बृद्धिमा योगदान गर्ने, कानूनले तोकेको समयावधि भित्र कर विवरण पेश गर्ने, समयसीमा भित्र कर दाखिला गर्ने करदातालाई पुरस्कृत गर्न उत्कृष्ट करदाता सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

(३) स्थानीय कर प्रणालीको वारेमा आम नागरिक तथा सवै सरोकारवाला पक्षलाई सूसुचित गराई स्वेच्छिक कर सहभागितामा मार्फत आन्तरिक आम्दानी वृद्धि गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

(४) आगामी आर्थिक वर्षबाट नगर क्षेत्रभित्र सञ्चालन हुने टागाँ, रिक्सा, अटो रिक्सा र विद्युतिय रिक्सालाई करको दायरा भित्र ल्याई राजश्व संकलनलाई प्रभावकारी तथा व्यवस्थित बनाइनेछ । सार्वजनिक तथा ऐलानी जग्गा प्रयोग गरे वापत हाल विटौरी कर लगाई असुल उपर गर्ने

व्यवस्था मिलाईनेछ । सामुदायिक वनवाट उठ्न नसकेको राजश्व संकलनको लागि विशेष अभियान चलाईने छ ।

(५) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य विषयगत कानूनले स्थानीय तह सम्बन्धी प्रदान गरेको वित्तीय अधिकार क्षेत्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कर तथा गैर कर राजश्व सम्बन्धी विधेयक चालु नगर सभामा पेश गर्ने प्रबन्ध मिलाईने छ ।

(६) राजश्वको दरलाई पुनर्निधारण गरी दायरा विस्तार मार्फत राजश्वको लक्ष्य पुरा गर्ने नीति लिइने छ।

(७) अधिकाशं राजश्व वडा कार्यालयबाट नै लिने प्रबन्ध मिलाई सेवालाई सहज बनाइने छ।

(८) राजश्व शाखामा कार्यरत कर्मचारी तथा वडा सचिवहरुको क्षमता विकास गर्ने एवं स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) बाट राजश्व संकलनको व्यवस्था मिलाइने छ ।

(९) राजश्व प्रशासनमा संलग्न कर्मचारी तथा नगर प्रहरीलाई प्रोत्साहनको व्यवस्था गरी नदिजन्य पदार्थको उत्खननमा हुने अनियमिता नियन्त्रणको कार्य गरिने छ ।

(१०) आवश्यक ऐन, नियम, मापदण्ड, कार्यविधिको तर्जुमा गरी नगरपालिकाको आय र व्ययलाई लक्ष्य अनुसार हासिल गर्ने व्यवस्था मिलाइने छ ।

(११) निश्चित समय र अवधि तोकी व्यवसाय दर्ता तथा नविकरण तोकिएको समयमा कर दाखिला गर्ने करदातालाई कर छुट गर्ने व्यवस्था मिलाइने छ ।

ग. बित्तिय जोखिम न्यूनीकरण, लेखा परीक्षण तथा बेरुजु फछ्र्यौट

(१) नगरपालिकाले तयार गर्नुपर्ने मासिक, चौमासिक तथा बार्षिक प्रतिवेदनहरु समयमै तयार गरी तोकिएको निकायमा प्रतिवेदन गरिने छ र नगरपालिकाको चौमासिक आय र व्ययको विवरण वेवसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइने छ ।

(२) बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतताको नीति अंगिकार गरी बित्तिय जोखिम न्यूनीकरण गरिने छ।

(३) नगरपालिकाको खर्चको मापदण्ड, २०७६ लाई समय सापेक्ष बनाउन खर्चको नयाँ मापदण्ड तयार गरिने छ।

(४) नगरपालिकाको आय र व्ययको आन्तरिक र अन्तिम लेखा परीक्षण कार्य तोकिएको समयमा गराई हिसाब दुरुस्त राखिनेछ ।

(५) अन्तिम लेखा परीक्षणबाट प्राप्त प्रारम्भिक प्रतिवेदन उपर समयमै प्रतिकृया पेश गरिने छ र नियमित गर्नुपर्ने बेरुजुका लागि प्रतिवेदन प्राप्त भएपछि लेखा समितिमा छलफल पश्चात नगरसभाको वैठकबाट नियमित गर्ने गराईनेछ ।

(६) लेखापरीक्षण बेरुजुलाई कुल बजेटको १ प्रतिशत भन्दा नबढ्ने लक्ष्यका साथ बजेट कार्यान्वयन गरिने छ ।

(७) लेखापरीक्षणको क्रममा कम्तिमा पालिकाको ७५ प्रतिशत बाँकी बेरुजु सम्परीक्षण हुने गरी आवश्यक प्रबन्ध मिलाइने छ ।

(८) बेरुजुलाई न्यून गर्नका लागि कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै सबै शाखा तथा वडा कार्यालयले खर्चका मापदण्ड, कार्यविधिलाई प्रभावकारी रूपमा अनुसरण गर्ने र यस सम्बन्धमा क्षमता विकास गरिने छ ।

घ. सेवा प्रवाहका मापदण्ड र नागरिक सन्तुष्टी सर्वेक्षण

(१) सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिई नागरिकका समस्या तथा प्रश्नलाई समयमै समाधान गर्ने नीति लिइने छ ।

(२) आन्तरिक नियन्त्रण प्रणाली, गुनासो सुनुवाई, नागरिक वडापत्र, सुझाव पेटिकाको प्रभावकारी कार्यान्वयन गरिने छ ।

(३) सेवा प्रवाहमा देखिने समस्या समाधानका लागि विषयगत समितिको परिचालन गरी तत्काल समाधान गर्ने प्रबन्ध मिलाइने छ ।

(४) नागरिक सन्तुष्टी सर्वेक्षण फारामको विकास गरी सेवाग्राहीबाट संकलनको व्यवस्था मिलाई प्राप्त पृष्ठपोषणका आधारमा सेवाप्रवाहको प्रणालीमा सुधार गरिने छ ।

(५) नागरिकलाई उपलव्ध गराइने सेवामा सहजता ल्याउन तथा न्यायिक समिति सम्वन्धी उजुरीहरुमा सहजिकरण गर्नको लागि नागरिक सहायता कक्ष (HELP DESK) को व्यवस्था गरिने छ ।

ङ. सूचना प्रविधिको प्रयोग

(१) नगरपालिका केन्द्र तथा मातहतका कार्यलयमा कम्प्युटर, प्रिन्टर लगायतका सेवा प्रवाह सम्बद्ध मेशिनरी औजार उपकरणको नयाँ खरिद वा नियमित मर्मत सम्भार गरी प्रभावकारी व्यवस्थापन गरिने छ ।

(२) नगरपालिकाको विद्युतिय हाजिरीको प्रभावकारी कार्यान्वयन गर्दै मातहतका विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थामा क्रमशः बिस्तार गरिने छ ।

(३) सेवा प्रवाह सम्बद्ध विभिन्न Software हरुको प्रभावकारी कार्यान्वयन गर्दै सेवा प्रवाह तथा प्रतिवेदन प्रणालीलाई प्रणालीबद्ध बनाइने छ ।

(४) इन्टरनेट सेवा प्रदायक कम्पनीसँग निरन्तर समन्वयमा रही जडान गरिएको इन्टरनेटमा आवश्यकता अनुसार क्षमताको विस्तार गर्दै पालिका तथा मातहतका कार्यालयमा इन्टरनेटको अवरोध नहुने व्यवस्था मिलाइने छ ।

च. अन्तर निकाय समन्वय

(१) नीति, योजना तथा सेवा प्रवाहमा प्रदेश सरकार र संघीय सरकारसँग दोहोरोपन नहुने गरी समन्वय तथा सहकार्य गरिने छ ।

(२) संघ, प्रदेश र स्थानीय तह अन्तर सम्वन्ध व्यवस्थित गर्न वनेको ऐन,२०७७ को मर्म र भावनालाई आत्मसात गरी अन्तर सरकारी समन्वयलाई अगाडि बढाइनेछ ।

(३) योजना कार्यान्वयन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोगका लागि अन्तरपालिका साझेदारी तथा समन्वय गरिने छ ।

(४) प्रदेश सरकार तथा संघीय सरकारवाट वित्तीय हस्तान्तरणवाट प्राप्त हुन आएका कार्यक्रम तथा योजनाहरुको नियमित प्रगति प्रतिवेदन तत् तहका सरकारहरुलाई पठाउने व्यवस्था मिलाइने छ।

६. विविध

क. न्यायिक समिति तथा कानून

(१) नेपालको संविधान तथा प्रचलित कानून अनुसार तर्जुमा गर्नुपर्ने कानून निर्माणलाई तिब्रता दिईनेछ । संघ तथा प्रदेश कानूनसँग वाझिएका स्थानीय कानूनहरुको संशोधन प्रक्रिया अगाडि बढाईनेछ । नगरपालिकाले जारी गर्ने ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका तथा आदेश तर्जुमा गर्दा प्रदेश सरकारले जारी गरेको स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ बमोजिम गर्ने व्यवस्था मिलाईने छ ।

(२) स्थानीय न्यायिक समितिलाई प्रचलित कानूनले दिएको क्षेत्राधिकारको विषयमा आम नगर वासीलाई जानकारी गराउन नगरवासीसँग न्यायिक समिति कार्यक्रम गर्नको लागि स्रोतको प्रबन्ध गरिने छ ।

(३) नगरपालिकाले तर्जुमा गरेका कानूनको बारेमा सरोकारवालाहरुलाई जानकारी दिने उद्देश्यले कानूनी सचेतना कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

ख. टोल विकास तथा गैर सरकारी संस्था

(१) टोल विकास संस्था सम्बन्धी प्रचलित स्थानीय कानूनलाई समसामयिक सुधार गर्दै दर्ता हुन नआएका टोल विकास संस्थालाई दर्ताको दायरामा ल्याउने प्रयोजनको विशेष कार्यक्रम सञ्चालन गरिने छ । चार किल्ला प्रष्ट नभएका टोल विकास संस्थाको सिमा प्रष्ट पार्न वडा कार्यालयको सहयोग लिइने छ ।

(२) टोल विकास संस्थालाई नीति निर्माण, सेवा प्रवाह तथा विकासका क्रियाकलापमा परिचालन गरिने छ । टोल विकास संस्थालाई प्रोत्साहनको लागि कार्यसञ्चालन अनुदानको व्यवस्था मिलाईने छ।

(३) संस्था दर्ता ऐन, २०७६ तथा संस्था दर्ता नियमावली, २०७६ लाई पूर्ण कार्यान्वयन गरिने छ।

(४) गैर सरकारी संस्थाले कार्यक्रम सञ्चालन गर्नु पूर्व नगरपालिकासँग स्वीकृती लिनु पर्ने स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्थालाई कडाईका साथ पालना गर्ने प्रबन्ध मिलाइनेछ । गैर सरकारी संस्थावाट सञ्चालन हुने कार्यक्रमलाई व्यवस्थित, पारदर्शी उत्तरदायी तथा जवाफदेही बनाउन गैर सरकारी संस्था कार्यक्रम सञ्चालन कार्यविधि तर्जुमा गरी लागु गरिने छ ।

(५) नगरपालिकाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि उपभोक्ता समितिको दर्ता गर्ने कार्यलाई निरन्तरता दिइने छ । योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन उपभोक्ता समिति लक्षित अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

अन्त्यमा,

आर्थिक वर्ष २०८०/८१ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्व एवम् सबल नगर निर्माण गर्ने हाम्रो संकल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुर्याउने मेरो विश्वास छ । नागरिकको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा पहुँच, उत्पादनमा वृद्दि, कृषि र पशुपालन क्षेत्रमा व्यवसायीकरण, पूर्वाधारको सहज र दिगो विकास, रोजगारीको सिर्जना, सेवा प्रवाहमा प्रभावकारिता ल्याई नगर प्रति जनताको विश्वास अभिवृद्दि हुने अपेक्षा मैले लिएको छु । राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी एवम् शिक्षक वर्ग, उद्योगी, व्यवसायी, निजी एवम् सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासी दिदी बहिनी तथा दाजुभाईहरूबाट यी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सदा झै रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।

................
दधिराज सुवेदी
नगर प्रमुख
भिमाद नगरपालिका, तनहुँ

मिति २०८० असार ८ गते शुक्रवार